# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१० गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

वादी नेपाल सरकार प्रतिवादी यातायात व्यवस्था कार्यालय, (सवारी चालक अनुमतिपत्र) सुकेधारामा कार्यरत नायव सुब्बा यादव पौडेल समेत भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७४।०९।३० को निर्णयानुसार सजाय मागदावीमा पूर्ण छुट दिइ सरकारी साक्षीको रूपमा पेश गरिएका विचौलिया अशोक कार्कीले उक्त भ्रष्टाचार मुद्दामा अनुसन्धानको सिलसिलामा यथार्थ व्यहोरा खुलाइ बयान दिइ गरेको सहयोगको प्रतिकूल हुनेगरी अदालतमा बकपत्र गरेको देखिदा निज अशोक कार्की उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशको प्रावधान बमोजिम पुनः थप अनुसन्धान हुँदा निज अशोक कार्कीले सेवाग्राहिसंग रु.३२,०००।-(बत्तीस हजार) घुस रकम माग गरी लिइ सो रकम ना.सु.यादव पौडेललाई उपलब्ध गराएको अनुसन्धानबाट खुल्न आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (२) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.३२,०००।-(बत्तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता